# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्याः ०१ मितिः २०८३।०१।०४

## भाग-२

**सम्बत् २०८३ सालको कार्यविधि नं. १**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **"शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिः-२०८३"** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ

## शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिः-२०८३
## गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/०३

**१. प्रस्तावना**

पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित पाठ्यक्रममा समावेश विषयवस्तुहरूलाई प्रभावकारी रूपमा कक्षाकोठामा कार्यान्वयन गर्न शैक्षिक सामग्रीहरूको महत्वपूर्ण भूमिका रहन्छ। यस्ता सामग्रीहरू स्थानीय स्तरमै निर्माण, प्रयोग तथा सुधार गर्न, विद्यार्थीको सिकाइ उपलब्धि, अवधारणागत स्पष्टता तथा सहभागिता सुनिश्चित गर्न, शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी, रोचक तथा व्यवहारमुखी बनाउन, सक्षमतामा आधारित पाठ्यक्रमको मुल ध्येयलाई पूर्ण गराउन विद्यार्थी तथा शिक्षकमा सिर्जनात्मकता, नवप्रवर्तन तथा व्यावहारिक सीप विकास गर्ने उद्देश्यले माछापुच्छ्रे गाउँपालिका भित्रका शिक्षक तथा विद्यार्थीहरूको सहभागितामा शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी प्रतियोगिता सञ्चालन गर्ने सन्दर्भमा शिक्षक, विद्यार्थी तथा अभिभावकको सहकार्यमा न्यून लागत, स्थानीय स्रोतमा आधारित, डिजिटल तथा आधुनिक प्रविधिसमेत समेटिएका शैक्षिक सामग्रीहरूको निर्माण, प्रयोग तथा प्रदर्शनीलाई प्रतिस्पर्धात्मक बनाउँदै वस्तुनिष्ठ मूल्याङ्कन प्रणाली विकास गर्न वान्छनीय भएकाले माछापुच्छ्रे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिकाले यो माध्यमिक तह स्तरीय शैक्षिक सामग्री प्रदर्शन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३ जारी गरेको छ ।

**२. प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३ रहेको छ ।

२. यो कार्यविधि माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका बुझिनेछ।

(ख) "विद्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय बुझिनेछ।

(ग) "शैक्षिक सामग्री" भन्नाले पाठ्यक्रम अनुसार सिकाइ सहजीकरण गर्ने साधन बुझिनेछ।

(घ) "डिजिटल सामग्री" भन्नाले ICT आधारित सामग्री (video, animation, presentation आदि) समेत बुझिनेछ।

(ङ) "प्रदर्शनी" भन्नाले सामग्रीहरूको सार्वजनिक प्रस्तुतीलाई बुझिनेछ।

(च) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधि अनुसार गठित समिति बुझिनेछ।

**३. यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहनेछन् ।**

(क) पाठ्यक्रममा आधारित शैक्षिक सामग्री निर्माणलाई प्रवर्द्धन गर्नु

(ख) न्यून लागत तथा स्थानीय स्रोतमा आधारित सामग्री विकास गर्नु

(ग) डिजिटल तथा नवप्रवर्तनशील सामग्री प्रयोगलाई प्रोत्साहन गर्नु

(घ)शिक्षक, विद्यार्थी र अभिभावकबीच सहकार्य बढाउनु

(ङ) अवधारणामूलक सिकाइलाई मूर्त (concrete) बनाउनु

(च)शैक्षिक सामग्री प्रदर्शन तथा प्रतिस्पर्धालाई व्यवस्थित गर्नु

(छ) मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ, पारदर्शी र विश्वसनीय बनाउनु

उद्देश्यहरूले विद्यार्थीहरुलाई शिक्षण सिकाइ प्रक्रियामा प्रयोग हुने नवीन तथा सृजनात्मक सामग्री विकास गर्न प्रेरित गर्ने, विद्यार्थी तथा शिक्षकमा अनुसन्धानात्मक र सिर्जनात्मक सोचको विकास गर्नु साथै सहकार्यको विकास गर्ने, स्थानीय स्रोत साधनको उपयोग गरी शैक्षिक सामग्री निर्माणमा प्रोत्साहन गर्नु, उत्कृष्ट सामग्री छनोट गरी विद्यालयहरूमा प्रयोग तथा विस्तार गर्नु हुनेछ ।

**४. प्रतियोगिताका क्षेत्रः**

यस माध्यमिक तह स्तरीय शैक्षिक सामग्री प्रदर्शन कार्यक्रम प्रतियोगिता मुख्य ५ विषयगत क्षेत्रमा आधारित हुनेछ।

(क) नेपाली

(ख) अङ्ग्रेजी

(ग) गणित

(घ) विज्ञान तथा प्रविधि

(ङ) सामाजिक अध्ययन

५. **सहभागिताः** (बालविकास देखी-कक्षा ९—१०/१२) मा अध्ययनरत विद्यार्थी तथा शिक्षक सहभागी हुन सक्नेछन्।

६. **शैक्षिक सामग्रीका प्रकारः-** प्रतियोगितामा निम्न प्रकारका सामग्रीहरू समावेश गर्न सकिनेछः

(क) परम्परातग सामग्री (चार्ट, मोडेल आदि)

(ख) स्थानीय स्रोतमा आधारित सामग्री

(ग) डिजिटल सामग्री (PowerPoint, भिडियो, एप)

(घ) अन्तरक्रियात्मक सामग्री ।

(ङ) विषयगत सामग्री (गणित, विज्ञान, भाषा आदि)

(च) प्रयोगशाला प्रयोग हुने सामग्री

(छ) अभिभावकको सहयोगमा निर्माण गर्ने सकिने सामाग्री

**७. मूल्याङ्कन समितिः**

गाउँपालिका स्तरमा देहाय बमोजिम समिति गठन गरिनेछः

(क) संयोजकः शिक्षा शाखा प्रमुख

(ख) सदस्यः विषय विशेषज्ञ (१जना)

(ग) सदस्यः गाउँ शिक्षा समिति सदस्य (१ जना)

विषय विशेषज्ञ प्रतियोगितामा भाग लिने विद्यालयसँग सम्बन्धित सहभागि हुन पाइनेछैन ।

गाउँपालिकामा रहेका निवृत शिक्षक, कर्मचारीहरू भने सहभागि हुन बाधा पर्नेछैन् ।

## ८. मूल्याङ्कनका आधार र मापदण्ड

(क) पाठ्यक्रमसँग सम्बन्ध

(ख) सृजनशीलता

(ग) उपयोगिता

(घ) लागत प्रभावकारिता

(ङ) प्रस्तुति

(च) डिजिटल प्रयोग

(छ) सहभागिता

(क) पाठ्यक्रमसँग सम्बन्ध

(ख) सृजनशीलता

(ग) उपयोगिता

(घ) लागत प्रभावकारिता

(ङ) प्रस्तुति

(च) डिजिटल प्रयोग

(छ) सहभागिता

(ज) आकर्षक

## ९. उत्कृष्ट छनोट विधि र पुरस्कारः

(क) मूल्याङ्कन समितिले प्रदर्शनीमा राखिएका प्रत्येक प्रतिशैक्षिक सामग्रीका आधारमा शैक्षिक सामग्रीहरूलाई अवलोकन गरेर मूल्याङ्कनका आधार र मापदण्डका अनुसुची १ मा दिइएको मूल्याङ्कन फाराम मूल्याङ्कन समितिले छुट्टाछुट्टै भरेर जम्मा जोड गरिने छ। मूल्याङ्कन समितिका सदस्यहरूबाट प्राप्त अङ्कहरूलाई औषतमा निकाली सबै भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालयलाई विषयगत रुपमा उत्कृष्ट विद्यालय छनोट गरिने छ ।

(ख) नियम ९(क) बमोजिमको समितिले तपसिल बमोजिमका विशेष विधागत शैक्षिक सामग्रीहरू छनोट गरी पुरस्कृत गरिनेछः

१. उत्कृष्ट डिजिटल सामग्री

२. उत्कृष्ट स्थानीय सामग्री

३. उत्कृष्ट नवप्रवर्तन

**१०. प्रतियोगिता सञ्चालन प्रक्रिया**

(क) प्रतियोगिता गाउँपालिका स्तर कुनै एक केन्द्र तोकेर वा सम्बन्धित विद्यालयमा नै पनि सञ्चालन गर्न सकिनेछ।

(ख) सहभागीहरूले तोकिएको मितिमा सामग्री प्रस्तुत गर्नुपर्नेछ।

(ग) प्रत्येक समूहलाई अधिकतम ५—१० मिनेट प्रस्तुतीकरण समय प्रदान गरिनेछ।

(घ) मूल्यङ्कन समितिले मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्नेछ।

(ङ) सामग्रीहरुको प्रस्तुतीकरण विद्यालयमा अध्यापनरत विद्यार्थीहरुले गर्न सक्नेछन् साथै सोही विद्यालयमा अध्यापनरत शिक्षकहरू आवश्यक सहयोग गर्न सक्नुहुनेछ ।

(च) सामग्रीहरुको

**११. सामग्रीहरुको आर्थिक व्यवस्थाः**

(क) शैक्षिक सामग्रीहरू तयारीका लागि कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विद्यालय आफ्नै वा /वडा/पालिका तथा सरकारी र गैरसरकारी सघं संस्थाबाट व्यवस्थान गर्न सक्नेछन्।

(ख) खरिद गरेर ल्याईएका सामग्रीहरूको प्रयोग सम्बन्धित विद्यालयका जनशक्तिबाट नै गर्न पर्नेछ ।

**१२. विविध**

(क) संशोधनः गाउँपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

(ख) खारेजीः बाझिएका व्यवस्था खारेज हुनेछन्।

(ग) बचाउः यस अघि भएका कामहरू वैध मानिनेछन्।

(घ) यस कार्यविधिमा उल्लेख नभएका विषयहरू सम्बन्धित मूल्याङ्कन समितिले निर्णय गर्न सक्नेछ

# अनुसूची १

**माछापुच्छ्रे गाउँपालिका**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**लाहाचोक, कास्की ।**

**कार्यक्रम सञ्चालन मितिः**

| | |
|---|---|
| उत्कृष्ट (Excellent) | 5 |
| राम्रो (Good) | 4 |
| सामान्य (Average) | 3 |
| कमजोर (Below Average) | 2 |
| धेरै कमजोर( Poor) | 1 |

## शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रमको मूल्यांकन ढाँचा-

| क्र.स. | विद्यालयको नाम र विषय | मूल्यांकनका आधारहरू | शैक्षिक उद्देश्यको स्पष्टता | कक्षा स्तरअनुसार उपयुक्तता | विषयवस्तुको शुद्धता | शिक्षण सिकाइलाई सहयोग पुर्‍याउने क्षमता | दृश्य तथा आकृति प्रस्तुति | सृजनात्मकता तथा प्रयोगात्मक पक्ष | टिकाउपन (Durability) | सुरक्षा पक्ष | मूल्य र प्रभावकारिता | सामग्रीको संख्या र प्रकार | जम्मा | प्राप्त स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विवरण | सामग्रीले विषयवस्तुको उद्देश्य कति स्पष्ट रूपमा प्रस्तुत गरेको छ | सामग्री सम्बन्धित कक्षा वा उमेर समूहका लागि उपयुक्त छ कि छैन | सामग्रीमा प्रयोग गरिएका अवधारणाहरू र तथ्यहरू शुद्ध छन् कि छैनन् | सामग्री शिक्षक र विद्यार्थीलाई सिकाइ सजिलो बनाउने कती सहयोगी छ | चित्र, चार्ट, ग्राफ, मोडेल आदि स्पष्ट र आकर्षक छन् कि छैनन् | सामग्रीले सम्बन्धित विषयवस्तुमा प्रयोगात्मक र अनुसन्धानात्मक सोच उत्पन्न गर्न कति मद्दत गर्छ | सामग्री दीर्घकालीन प्रयोगका लागि कति टिकाउ छ | प्रयोग गर्दा बालबालिकाको सुरक्षालाई कति ध्यान दिइएको छ | सामग्रीको लागत र प्रभावकारिता सन्तुलनमा छन् कि छैनन् | सामग्रीको संख्या कति रहेको छ, कुन कुन विषयसँग सम्बन्धित छन्, सबै विषय समावेश छ/छैन | | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**मूल्याङ्कन समितिका सदस्यहरूको नाम र दस्तखतः**

नाम, थरः................................................ दस्तखत...............................................

नाम, थरः................................................ दस्तखत...............................................

नाम, थरः................................................ दस्तखत...............................................

नाम, थरः................................................ दस्तखत...............................................

नाम, थरः................................................ दस्तखत...............................................

**मितिः**

आज्ञाले

(केशव सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत